# नेपालको आगामी संविधानमा महिलाको प्रजनन् स्वास्थ्यको हक सुनिश्चित हुनै पर्छ !

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २०(२)ले "प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुनेछ" भनि महिलाको हकसम्बन्धी धारा अन्तर्गत मौलिक हकको रूपमा प्रत्याभूत गरेको यहाँलाई विदितै छ । नेपालको पहिलो संविधानसभाको मौलिक हक समितिले पनि महिलाको प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक सुनिश्चित गर्नका लागि मौलिक अधिकार अन्तर्गतनै प्रस्ताव गरेको थियो र यो विषयलाई मौलिक अधिकारभित्र राख्ने वा नराख्नेमा कुनै विवाद पनि रहेको थिएन ।

तथापि, असार १३, २०७२ मा संविधानसभाको संविधान मस्यौदा समितिले तयार पारी हाल जनताको राय-सुझाव संकलन गर्ने क्रममा रहेको संविधानको विधेयकको पहिलो मस्यौदाले नेपाली महिलाले गत ८ वर्षदेखि उपभोग गरि आएको प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक संकुचित गरि प्रस्तावित धारा ४३(३) अन्तर्गत "प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन्सम्बन्धी हक हुनेछ र लैङ्गिक पहिचानको आधारमा भ्रूण हत्या गर्ने कार्य कानून बमोजिम दण्डनीय हुनेछ" भनि प्रस्ताव गरेको छ । यसका साथै प्रस्तावित धारा ५५(ञ)(३) अन्तर्गत "प्रजनन् अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने" भनि यो अधिकारलाई राज्यको नीतिमा उल्लेख गरिएको छ ।

महिलाको प्रजनन् स्वास्थ्य पुरूषको भन्दा फरक छ र यसको सुनिश्चितता नभएको खण्डमा महिलाले आफ्नो जीवन र शारीरिक अखण्डता जोखिममा हाल्नु पर्छ, जुन पुरूषले ब्यहोर्नु पर्दैन । त्यसै गरी बृहत प्रजनन् स्वास्थ्य अधिकारको उचित संरक्षणको अभावमा महिलाको जीवन, समानता, स्वास्थ्य, शिक्षा, रोजगारी, गोपनियता तथा यातनाविरूद्धको अधिकार लगायत अन्य थुप्रै अधिकारहरूको उपभोगमा नकारात्मक असर पर्न गई महिलाको मानव अधिकार कुण्ठित हुन जान्छ जसले गर्दा नेपालले अनुमोदन गरेका थुप्रै अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धि-सम्झौताको उल्लंघन हुन गई महिलाको विकासलाई मात्र असर नपरी समाजको र देशकोनै विकासमा नकारात्मक असर पर्छ ।

प्रजनन्सम्बन्धी हक र प्रजनन् स्वास्थ्य हकबीच भिन्नता रहेको छ । "सुरक्षित मातृत्व र प्रजनन्सम्बन्धी हक" महिलाको प्रजनन् स्वास्थ्यको उपभोगको क्रममा अत्यावश्यक हकहरु भएता पनि यो अधिकारको संरक्षणले मात्र महिलाको प्रजनन् स्वास्थ्यसम्बन्धी समग्र विषयलाई समेट्न सक्दैन । प्रजनन् स्वास्थ्य अधिकारले सुरक्षित मातृत्व र प्रजनन्सम्बन्धी हकको साथै किशोर-किशोरीका प्रजनन् स्वास्थ्य, बृहत रूपले यौन तथा प्रजनन् शिक्षा, परिवार नियोजन/गर्भनिरोधको साधनको जानकारी र पहुँच, सुरक्षित गर्भपतन, मातृमृत्यु, मातृ रूग्णता र प्रौढ महिलाका समस्याहरु निर्मूल पार्ने लगायत अन्य थुप्रै विषयहरु समेट्छन् ।

यसका साथै हाल प्रस्तावित मस्यौदाले "लैङ्गिक पहिचानको आधारमा भ्रूण हत्या गर्ने कार्य कानून बमोजिम दण्डनीय हुनेछ" भन्ने विषय संविधानमा उल्लेख गर्ने विषय नभई कानूनी विषय हो, जुन अहिले पनि मुलुकी ऐनको ज्यानसम्बन्धी महलअन्तर्गत अपराध मानिएको अवस्था छ र दण्डनिय गरिएको छ, साथै अपराधीकरण हुने विषयलाई मौलिक हकमा राख्दा प्रजनन् स्वास्थ्य अधिकारको बृहत उपभोगमा बाधा-अवरोध पुऱ्याउने सम्भाव्यता बढ्छ ।

तसर्थ, नेपाली महिलाको मानव अधिकारको संरक्षण गर्न, उनीहरूले उपभोग गरि राखेको अधिकारलाई कुण्ठित हुन् नदिन र नेपालको भावी संविधानलाई अग्रगामी दिशातर्फ उन्मुख पार्नका लागि नेपालको अन्तरिम संविधानको धारा २०(२)मा भएको "**प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक**" भन्ने व्यवस्थालाई नै भावी संविधानमा पनि मौलिक अधिकार अन्तर्गत महिलाको हकसम्बन्धी रहेको धारामा समेट्नका लागि हार्दिक अनुरोध गर्दछौ ।

संविधान सभाद्वारा संविधानको विधेयकको पहिलो मस्यौदा सम्बन्धमा नेपाली नागरिकहरूको राय सुझाव संकलन २०७२ असार २४ देखि श्रावण ७ गतेसम्म गर्ने कार्यक्रम निश्चित भएकोले अब बन्ने नयाँ संविधानमा आफ्नो सरोकारहरू राख्ने अवसर सिर्जना भएको छ । यसको अत्यधिक उपभोग गर्दै नयाँ बन्ने संविधानमा नागरिकका सरोकारहरू प्रतिविम्बित गरौं ।

| | | |
|---|---|---|
| लिखित राय सुझाव | असार २४ देखि श्रावण ५ गतेसम्म | इमेलः comt.crcs@gmail.com<br>पो.ब.नं. २००९९, काठमाडौं, नेपाल<br>फ्याक्सः ४२००१९४, ४२०००५३, ४२००१४१ |
| विदेशमा रहेको व्यक्तिको लिखित राय सुझाव | असार २४ देखि श्रावण ५ गतेसम्म | इमेलः nparl.international@can.gov.np |
| मौखिक राय सुझाव | असार २४ देखि श्रावण ५ गतेसम्म | टोलफ्री : १६६००१२२३४४ |
| निर्वाचन क्षेत्रमा सार्वजनिक सुनुवाई लगायतका कार्यक्रमहरु मार्फत राय संकलन वा प्रतिक्रिया संकलन | श्रावण ४ देखि ५ गतेसम्म | प्रत्यक्ष सहभागिता |
| काठमाडौं उपत्यकाभित्र अर्न्तक्रियात्मक गोष्ठीहरु | असार २६ देखि २९ गतेसम्म | नेपाल पत्रकार महासंघ, नेपाल बार एशोसियसन, बुद्धिजीवि पेशागत श्रम संगठन र नागरिक समाजको प्रतिनिधिहरु अर्न्तक्रियामा सहभागी भएर |

प्रजनन स्वास्थ्य अधिकार कार्यसमूह र सुरक्षित मातृत्व संजाल महासंघ, नेपाल